सोरु गाउँपालिकाद्धारा प्रकाशित

स्थानीय राजपत्र

भाग २

खण्ड ७ संख्या २ मिति २०८०।१२।२८

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

# सोरु गाउँपालिकाको कृषि तथा पशुपन्छी एम्वुलेन्स सन्चालन कार्यविधि २०८०

प्रस्तावना

कृषकहरुले उत्पादन गरेका विभिन्न कृषि उपजहरुको स्थानीय वजार सम्म पुर्याउने पहुँच नभएको र भौगोलिक विकटताको कारण उत्पादन स्थल सम्म ताजा उत्पादन खेर गई कृषकहरुले बजार नपाएको अवश्था रहेको छ।साना तथा पहुँच नभएका कृषकहरु कृषि तथा पशुजन्य उत्पादन र उत्पादन सामग्रीहरु बजार सम्म ल्याउन र शहरी क्षेत्रका उपभोक्ताहरुलाई उचित मुल्यमा उत्पादन र उत्पादन सामाग्रीहरु उपलब्ध गराउन कृषि तथा पशुपन्छी एम्वुलेन्स सन्चालन लाई सुव्यवश्थित ढंगवाट गर्न वान्छनिय भएकोले सोरु गाउँ कार्यपालिकाको मिति २०८०।१२।२७ गतेको बैठकवाट कृषि एम्वुलेन्स सन्चालन कार्यविधि २०८० स्वीकृत गरी कार्यान्वयन गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नामःसोरु गाउँपालिकाको कृषि तथा पशुपन्छी एम्वुलेन्स सन्चालन कार्यविधि २०८० रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि तुरुन्त लागु हुने छ।

(२) परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. अनुदानःभन्नाले यस कार्यविधि बमोजिम एम्वुलेन्स सन्चालनका लागि स्थानीय तहवाट प्रदान गरिने नगद वा जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

ख .अनुदानग्राहीःभन्नाले सन्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक समुह वा कृषि सहकारी वा कम्पनी वा संस्थालाई सम्झनु पर्छ।

ग.कार्ययोजना भन्नालेःएम्बुलेन्स सन्चालन गर्नको लागि आवश्यक्ता अनुसार सेवाग्राहीले पेश गरेको विस्तृत क्रियाकलाप लागत अनुमान समयावधि अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

घ. कृषि उपज भन्नालेः कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाधान्न बाली, फलफुल, तरकारी, मसलबाली, पुष्प, पशुपन्छी, माछा, मासु

प्रमुख

दुध, फुल, छाला ,उन, च्याउँ, मौरी, कोसेवाली, तेलहन ,दलहन, कपास, उखु सम्झनु पर्छ र सो शब्दले औधोगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पर्दाथ वा वस्तु समेतलाई जनाउँछ।

ङ .कृषक समुह भन्नालेः कृषि पेशामा संलग्न भई साझा आवश्यक्ता र चाहाना भएका व्यक्तिहरु मिलेर सामुहिक विधिद्धारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारीक निकायमा दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

च .पशु भन्नाले घरपालुवा पशुपन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

## परिच्छेद २

## एम्वुलेन्सले ढ्वानी गर्ने वस्तु

(३ )कृषक फर्म , कम्पनी. कृषक समुह सहकारी संस्था ,उपभोक्ता समिति, संस्थाले उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाधान्न वाली, फलफुल तरकारी, मसलाबाली, पुष्प, पशुपन्छी, माछा, मासु, दुध, फुल, छाला, उन, च्याउँ, मौरी ,कोसेवाली तेलहन ,दलहन ,कपास, उखु, कृषिका सवै उपक्षेत्रगत उत्पादन र औधोगिक प्रयोजनका लागि प्रयोग हुने कृषि कच्चा पर्दाथहरु

## परिच्छेद ३

## एम्वुलेन्स सन्चालनका कार्यक्षेत्रहरु

४. सोरु गाउँपालिका भित्र सडक सन्जालले छोएका सम्पुर्ण वडाहरुका सवै वस्तीहरु

(१) सोरु गाउँपालिकाको सोरुकोट र तारापानीलाई मुख्य आधार क्षेत्र मानी कृषि तथा पशुपन्छी एम्वुलेन्स सन्चालन गरिने छ।

## परिच्छेद ४

## कृषि तथा पशुपन्छि सन्चालन तथा व्यवस्थापन समिति

५. एम्बुलेन्स सन्चालन समितिको व्यवस्थाःकृषि तथा पशुपन्छि एम्बुलेन्स सन्चालन व्यवस्थापन समिति देहाय अनुसार रहने छ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख)योजना शाखा प्रमुख | सदस्य |
| (ग) कृषि शाखा प्रमुख | सदस्य |
| (घ) पशुपन्छी शाखा प्रमुख | सदस्य |
| (ङ) जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

सोरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जिमा, मुगु

५(१) उपदफा १ बमोजिमको समितिको बैठक आवस्यकता अनुसार बस्नेछ र समितिले आवस्यक ठानेमा बैठकमा दुई जना सम्म विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

६. सन्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारःकृषि तथा पशुपन्छि एम्वुलेन्स सन्चालन समितिको काम कर्तव्य देहाय अनुसार रहने छ।

(क) कृषि तथा पशुपन्छी एम्वुलेन्स सन्चालनको लागि मापदण्ड तर्जुमा तथा परिमार्जन गर्ने

(ख) कृषि तथा पशुपन्छी एम्बुलेन्स सन्चालनको कार्य क्षेत्र तोक्ने

(ग )कृषि तथा पशुपन्छी सन्चालनको दररेट निर्धारण गर्ने

(घ )कृषि तथा पशुपन्छी एम्वुलेन्सको नियमित निरीक्षण तथा अनुगमन गर्ने

(ङ) चालकको नियुक्तिको सिफारिस तथा चालकको आचारसंहिता निमार्ण गरी कार्यान्वयन गर्ने

परिच्छेद ५

## एम्बुलेन्स चालकको नियुक्ति र सेवा सुविधा

७. एम्वुलेन्स सेवा गुणस्तर एव प्रभावकारी ढंगले सन्चालन गर्नको लागि आवश्यक पर्ने चालकको व्यवस्था एम्वुलेन्स व्यवस्थापन समितिले गर्ने छ।

७(२) निजको तलव भता र अन्य सुविधाहरु गाउँपालिकाले तोके अनुसार हुने छ।

७(३) एम्बुलेन्स चालक पदमा नियुक्त भएको चालकले अनुसुचि १ बमोजिमको आचारसंहिता पालना नगरेमा एक पटक लागि स्पष्टिकरण सोधिने छ। आचरणमा सुधार नगरेमा वारम्वार आचारसंहिता उल्लघन गरेमा निजसंगको करार सम्झौता भंग गरिने छ।

८. सेवा शुल्क सम्वन्धि व्यवस्था

८(१)दुरी र भौगोलिक सुविधाको आधारमा समितिले शुल्क निर्धारण गर्ने छ।

८(२) एम्बुलेन्स सेवा शुल्क वापत संकलन गरिएको रकम गाउँपालिकाले तोकेको बैकमा जम्मा गरिने छ।

८(३) सेवा दिए वापत लिईने सेवा शुल्क नगदी रसिद मार्फत तोकिएको बैक खातामा दाखिला गर्ने जिम्मेवारी सम्वन्धित एम्वुलेन्स चालकको हुने छ।

८(४) उक्त रकम सामान्यतया चालकको तलव, भता, ईन्धन एम्वुलेन्सको मरमत सम्भार र एम्वुलेन्समा राख्नु पर्ने अति आवस्यक पर्ने सामग्रीको खरिदमा खर्च गर्नु पर्ने छ।

परिच्छेद ६

## अनुदानम उपलब्ध गराउने प्रकृया

९. प्रस्ताव आव्हानःगाउँपालिकाले आवश्यकता ठानेमा कृषि तथा पशुपन्छी एम्वुलेन्स खरिदको लागि गाउँपालिकाले कृषि समुह सहकारी तथा कम्पनी वा संस्थालाई तोकिएको रकम सम्म अनुदान उपलब्ध गराउने छ। अनुदान वितरणको लागि गाउँपालिकाले कम्तिमा १५ दिनको म्याद दिएर अनुसुचि २ बमोजिमको सुचना प्रकाशन गर्ने छ। यस्तो सुचना सरोकारवाला सवैको जानकारीको लागि गाउँपालिकाको सुचना पार्टी वेवसाईटमा समेत राखिने छ।

१०. प्रस्ताव पेश गर्नेःसुचना प्रकाशन भएको मिति भित्र प्रस्ताव पेश गर्न ईच्छुक कृषि समुह कृषि सहकारी कम्पनी वा संस्थाले अनुसुचि ३ अनुसारको ढाँचामा निवेदनको साथ प्रस्ताव पेश गर्नु पर्ने छ।

११. प्रस्तावको मुल्याकन र सिफारिसः पेश भएका प्रस्तावहरु सम्वन्धित शाखाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार तुलना गरी दफा बमोजिमको समितिमा पेश गर्नु पर्ने छ।

१२. सम्झौता प्रकृयाःछनौट भएका अनुदानग्राहीलाई कम्तिमा ७ दिनको म्याद दिई सम्झौताको लागि सुचना दिनु पर्ने छ।प्रस्तावकले पेश गरेको क्रियाकलाप र कार्ययोजना कार्यालयले छलफलका आधारमा आवस्यक संशोधन सहित अनुसुचि ४ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसुचि ५ बमोजिमको कार्यादेश दिनु पर्ने छ।

## परिच्छेद ७

## विविध

१३. अनुगमन तथा मुल्याकनःगाउँपालिकावाट कृषि एम्वुलेन्स सन्चालन भएपश्चातःके कस्तो प्रभाव परेको छ भनि त्रैमासिक अनुगमन तथा मुल्याकन गरिने छ।

१४. एम्वुलेन्स निशुल्क प्रयोग हुने अवस्थाःदेहायको अवस्थामा गाउँपालिकाले एम्वुलेन्स निःशुल्क प्रयोग गर्ने छ।

(क )पशुवस्तुमा महामारी फैलीएको अवस्थामा पशु उपचारको लागि खोप लगाएका सेवा प्रदान गर्न पशु चिकित्सकलाई औषधी सहित प्रभावित क्षेत्रमा परिचालन गर्नु परेमा।

(ख )अन्नवालीमा संक्रमण फैलिएको वा संक्रमण विस्तार हुन सक्ने संभावना भएमा सो को नियन्त्रण गर्नको लागि कृषि विज्ञलाई सम्वन्धित क्षेत्रमा परिचालन गर्नु परेमा।

(ग) गाउँपालिकाले कृषि क्षेत्रमा विशेष परिस्थिति सृजना भएको भनि निर्णय गरेको अवस्थामा तोकिएको क्षेत्रमा परिचालन गर्नु परेमा

(घ) गाउँपालिकाले कृषकको कृषि उपज ढुवानीमा अनुदान उपलव्ध गराएको अवस्था

(ङ) गाउँपालिकाले वितरण गर्ने किटनाशक औषधी बीउँ वीजन तथा बिरुवाहरुमा अनुदान उपलव्ध गराएको अवस्थामा

अनुसुचि १

<u>एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचारसंहिता</u>

(१) आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियता कायम गर्दै आफनो पेशाको मानमर्यादामा खलल पुग्ने किसिमको कुनै कार्य गर्न पाईने छैन।

(२) धुम्रपान तथा मादक पर्दाथ सेवन गरी एम्वुलेन्स सन्चालन गर्न पाईने छैन।

(३) कुनै पनि कृषि उपज तथा पशुवस्तु ओसार पसार गर्नु अघि सो वारेमा पर्याप्त जानकारी लिई मात्र ढुवानी गर्नु पर्ने छ।

(४ )सेवा दिए वापत संकलन गरिएको रकम तोकिएको बैक खातामा समयमै दाखिला गर्नुपर्ने छ।

(५) सवारी लगवुक नियमित रुपमा तोकिएको पदाधिकारीवाट प्रमाणित तथा स्वीकृत गराउनु पर्नेछ।

(६) नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसारपसार गर्न पाईने छैन।

माथि उल्लेखित बुदाँका आचारसंहिता पुर्णरुपमा पालना गर्न सहमत भई हस्ताक्षर गरेको छु।

चालकको

दस्तखत

नामथरः

मितिः

रोहवर

दस्तखतः

नामथर

पदः

मितिः

# अनुसुचि २

## कृषि एम्बुलेन्स सन्चालनको लागि प्रस्ताव पेश गर्ने सम्वन्धि सुचना

प्रथम पटक सुचना प्रकाशन मिति २०८०

सोरु गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपन्छि  एम्वुलेन्स खरिद गर्नको लागि अनुदान पाउन योग्य कृषि समुह ,कृषि सहकारी, कम्पनी वा संस्थाले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका कागजात समेत संलग्न गरी प्रस्ताव पेश गर्नको लागि सार्वजनिक सुचना प्रकाशन गरिएको छ।

संलग्न कागजातहरु

१ निवेदन

२ दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी

३ स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपी

४ व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव

५ अनुदान माग गर्ने संस्थाको निर्णयको प्रतिलिपी

६ स्व घोषणा पत्र

७ सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

अनुसुचि ३

निवेदनको ढाँचा

मितिः२०८०

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु

सोरु गाउँपालिका मुगु

विषयः प्रस्ताव सहितको निवेदन सम्वन्धमा।

त्याहाँ कार्यालयवाट मिति २०८०। मा प्रकाशित भएको सुचना अनुसार कृषि तथा पशुपन्छी सन्चालन कार्यक्रममा सहभागी हुन ईच्छुक भएकोले कार्यालयले उल्लेख गरेको मापदण्ड र शर्तहरुको अधिनमा रही कार्यक्रम सन्चालन गर्न निम्न बमोजिमका आवस्यक कागजातहरु संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छौ।छु

संलग्न कागजातहरु

| प्रस्तावकको निवेदन | छ | छैन |
|---|---|---|
| दर्ता नविरकण भएको प्रमाणपत्रको प्रतिलिपी | | |
| स्थायी लेखा नम्वर | | |
| कार्यक्रम सन्चालनको लागि कार्ययोजना | | |
| सम्वन्धित वडाको सिफारिस | | |
| नागरिकता प्रमाणपत्र | | |
| अनुदान माग गर्ने गरिएको संस्थाको निर्णयको प्रतिलिपी | | |
| अनुमानित लागत | | |
| स्व घोषणा पत्र | | |

सोरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जिम्मा, मुगु

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ४

सम्झौता पत्र

सोरु गाउँपालिका( यस पछि प्रथम पक्ष भनिएको) र -------- समुह ।सहकारी ।संस्था (यस पछि दोश्रो पक्ष भनिएको) बीच कृषि तथा पशुपन्छी एम्वुलेन्स सन्चालन तथा व्यवस्थापन गर्नको लागि देहायको शर्तहरुको पालना गर्ने गरी द्धिपक्षीय सम्झौता गरियो।

शर्तहरु

प्रथम पक्षवाट पालना गर्नुपर्ने

१.प्रथम पक्षले एम्वुलेन्स खरिदको को लागि पेश भएको प्रस्तावना स्वीकृत गरी सकेपछि दोश्रो पक्षलाई २ किस्तामा अनुदान उपलव्ध गराउनु पर्ने छ।

२. एम्वुलेन्सको मापदण्ड कार्यापालिकावाट स्वीकृत गराई दोश्रो पक्षलाई उपलव्ध गराउनु पर्ने छ।

३. प्रथम पक्षवाट एम्वुलेन्सको नियमित अनुगमन गर्नु पर्ने छ। अनुदानको सदुपयोग भए नभएको एकिन गर्नु पर्ने छ।

४. एम्वुलेन्स सन्चालन तथा मरमत सम्भार सम्वन्धि तालिम दोश्रो पक्षलाई दिनु पर्ने छ।

५. एम्वुलेन्सको दुरुपयोग गरी तोकिएको क्षेत्रमा परिचालन नगरेको खण्डमा एम्वुलेन्स नियन्त्रणमा लिनु पर्ने छ।

६ एम्वुलेन्स खरीदको लागि आवस्यक प्रकृया शुरु गर्ने

दोश्रो पक्षवाट पालना गर्नुपर्ने

१. प्रथम पक्षवाट प्रस्तावना स्वीकृत भई सकेपश्चातःअनुदान माग गर्ने

२. एम्वुलेन्स सन्चालन मुख्य आधार क्षेत्र सोरुकोट र तारापानीलाई वनाउनु पर्ने

३. प्रथम पक्षवाट स्वीकृत भएको एम्वुलेन्स सम्वन्धि मापदण्ड पुर्णतया पालना गर्नु पर्ने

४. एम्वुलेन्सले गाउँपालिकावाट निर्धारित भएको दररेटमा कृषि उपज तथा पशु वस्तुको नियमित ढुवानी गर्नु पर्ने छ।

५. एम्वुलेन्सको लागि आवस्यक पर्ने जनशक्ती व्यवस्था गरी नियमित मरमत सम्भार गर्नु पर्ने

| | |
|---|---|
| प्रथम पक्षवाट | दोश्रो पक्षवाट |
| नामथर | नामथर |
| पद | पदः |
| मिति | मिति |

सोरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जिम्ला, मुगु

अनुसुचि ५

कार्यादेश

श्री

विषयः कार्यादेश दिईएको वारे।

यस गाउँपालिकाको कृषि तथा पशुपन्छी एम्वुलेन्स सन्चालन कार्यविधि २०८० अनुसार खरिद भएको एम्वुलेन्स सन्चालन गर्नको लागि कार्यादेश दिईएको छ। कृषि तथा पशुपन्छि सन्चालन एम्वुलेन्स मापदण्ड अनुसार सन्चालन गर्नु हुन ।

आज्ञाले

तीर्थराज शाही

प्रमुख प्रशासकिय अधिकृत